पन्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाबियाचौर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या: २०८२/०८३ (प्रशासन) मिति: २०८२/१२/०६

चलानी नं: 598

**विषय: दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना।**

**सूचना नं. २ /२०८२/०८३**

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/१२/६)

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक) अन्तर्गत स्थानीय तह/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्यका लागि पञ्चपुरी नगरपालिकामा परियोजना कार्यान्वयन इकाईका लागि तपसिलको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निम्न पदहरूमा रीतपूर्वक दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:

- संक्षिप्त वैयक्तिक विवरण (आवेदकको दस्तखत सहितको)
- नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, तालिम सम्बन्धी प्रमाणपत्रहरु तथा कार्यानुभव भएको हकमा कार्यानुभव खुल्ने प्रमाणपत्रहरूको प्रतिलिपि (नियुक्ति पत्र र अनुभव प्रमाणित गरिएको प्रमाणपत्र समेत) ।
- अपाङ्गता भएका व्यक्तिको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपी ।
- विभिन्न जातिको साझा थरको हकमा जातियता प्रमाण पत्रको प्रतिलिपी ।

**तपसिल:**

**क) आवश्यक पदहरू र न्यूनतम योग्यता:**

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| ०२-२०८२/०८३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजना अधिकृत | अधिकृत छैटौं तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषयमा स्नातक तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०३-२०८२/०८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह-१ जना | नगर कार्यपालिकाको कार्यालय | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ०४-२०८२/०८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह-आवस्यकता अनुसार | वडा कार्यालय वा योजना क्षेत्र | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. र मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त। |

प्रमुख प्रशासकीय अधिकृत

| वि.नं. | पद | तह/संख्या | कार्यस्थल | न्युनतम शैक्षीक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|---|
| | | | | खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |

**ख) अन्य विवरण:**

- पहिलो पटक सूचना प्रकाशित भएको मिति देखि१५ (पन्ध्र) दिनभित्र आवेदन पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेतमा कार्यालय समयभित्र बुझाउनुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक प्रमाणपत्र भएका आवेदकहरुले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाणपत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाणपत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधिको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा म्याद थपको सम्भावना सहित) नियुक्त गरिनेछ ।
- स्थानीय व्यक्ति, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ ।
- विज्ञापन प्रकृयामा प्राप्त भएका आवेदनहरूलाई पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले कुनै कारण खुलाई वा नखुलाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ ।
- लीखित परीक्षा तथा अन्तर्वार्ता दुवै विधि अवलम्बन गरिनेछ । छोटो सूचीमा परेका उम्मेदवारहरुको लागि लीखित परीक्षाको तालिका पन्चपुरी नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ ।
- विज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (ToR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न पन्चपुरी नगरपालिकाको वेवसाईट www.panchapurimun.gov.np/LACC परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ । तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन ।
- दरखास्त दस्तुरः- अधिकृतस्तरको लागि रु. १२००।-(अक्षेरुपी एकहजार दुइ सय मात्र), सहायक पाँचौस्तरको लागि रु. ७००।- (अक्षेरुपी सात सय रुपैया मात्र) र सहायक चौथोको लागि रु. ५००।-(अक्षेरुपी पाँच सय रुपैया मात्र) । दरखास्त दस्तुर पन्चपुरी नगरपालिकाको राजश्व शाखामा नगदै वा राष्ट्रिय वाणिज्य बैंक विद्यापुर शाखामा रहेको पञ्चपुरी नगरपालिकाको आन्तरिक आय खाता नम्बर ४४२०१००३०१०१०००५ मा बैंक दाखिला गरी सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ ।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश नेपाल

लक्ष्मी घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner